### राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

२०८० कार्तिक २४ गते शुक्रबार विहान ०८:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब. २०८०/०८१ को चौथो बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २:**

मासिक आय/व्यय प्रगति विवरण प्रतिवेदन माथि छलफल तथा समीक्षा गरियो। संक्षिप्त प्रतिवेदन तपसील बमोजिम रहेको छ। (२०८०/०४/०१ देखि २०८०/०७/२३ सम्मको)

| क्षेत्रगत बजेट तथा खर्च | | | | |
|---|---|---|---|---|
| आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/०४/०१-२०८०/०७/२३ | | | | |
| सि.न | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | ६,२१,५०,०००.०० | 5,30,445.00 | ०.८५ |
| २ | सामाजिक विकास | २५,८८,०३,१९७.०० | 5,72,42,361.86 | २२.१२ |
| ३ | पूर्वाधार विकास | १८,44,५०,०००.०० | 74,98,304.00 | ४.०७ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १,२१,६२,०००.०० | 12,57,876.00 | १०.३४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४5,60,०००.०० | 1,87,03,077.30 | १९.७८ |
| कुल जम्मा | | 61,21,25,197.00 | 8,52,32,064.16 | १३.९२ |

| आय व्ययको बिबरण | | | | |
|---|---|---|---|---|
| आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/०४/०१-२०८०/०७/२३ | | | | |
| सि.न | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
| १ | संघीय सरकार | ३२,१५,००,०००.०० | 15,24,25,000.00 | ४७ |
| २ | प्रदेश सरकार | ५,७८,१०,०००.०० | 1,44,52,500.00 | २५ |
| ३ | राजस्व बाडफाड | १४,४५,९२,१९७.०० | 1,51,79,608.18 | ११ |
| ४ | अन्तरिक श्रोत | ८,8२,2३,०००.०० | ९,७1,20,159.२६ | ११०.०८ |
| सि.न | जम्मा | 61,21,25,197.00 | 27,91,77,267.44 | ४५.६ |
| | शीर्षक | वार्षिक बजेट | खर्च | खर्च(%) |
| १ | चालु | ३७,१८,२५,१९७.०० | ७,७४,८८,९९९.१६ | २१ |
| 2 | पूंजीगत | २4,03,००,०००.०० | 77,43,065.00 | ३.२२ |
| | जम्मा | 61,21,25,197.00 | 8,52,32,064.16 | 13.92 |

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३:

*राक्सिराङ्ग गाँउपालिकाको बसाँइसरी आउनेलाई घर उपहार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०* स्वीकृत गर्ने ।

निर्णय नं. ४:

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मावन स्रोत विकास केन्द्रको सहकार्य एवम् युनेस्को काठमाडौंको प्राविधिक तथा आर्थिक सहयोगमा निर्माण भएको लैङ्गिक तथा समावेशीमैत्री आवधिक शिक्षा योजना *राक्सिराङ्ग गाउँपालिकाको स्थानीय शिक्षा योजना (२०८०/८१-०८४/८५)* स्वीकृत गर्ने ।

निर्णय नं. ५:

राक्सिराङ्ग गाउँपालिकाको आयको प्रमुख आन्तरिक स्रोतको रुपमा रहेको नदीजन्य पदार्थ (मनहरी खोलाको ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरि, स्लेट आदी) को दीगो र व्यवस्थित उपयोग गरी गाउँपालिकाको आम्दानी वृद्धि गर्नको लागि राजश्व परामर्श समितिको मिति २०८०।०७।२१ र २०८०।०७।२४ गतेको बैठकको सिफारिस तथा अनुरोध बमोजिम गाउँ कार्यपालिकाबाट प्रमाणित गरिएको मौज्दात प्रमाणित, प्राविधिक समितिको प्रतिवेदन, स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका आधारमा ठेक्का प्रकृया अगाडी बढाउने र ठेक्का सम्झौता नभएसम्मको लागि अमानतबाट निकासी शुल्क संकलन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ६:

राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को विशेष अनुदान अन्तर्गत खोरियापाटो सुधार तथा खाद्य सुरक्षा कार्यक्रमको विस्तृत कार्यक्रम देहाय बमोजिम स्वीकृत गर्ने ।

| सि नं | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | एक टोल एक उत्पादन | ८००००० | |
| २ | फलफुल खेती विस्तार कार्यक्रम | ५००००० | |
| ३ | रैथाने बाली प्रर्बद्धन कार्यक्रम | ४००००० | |
| ४ | उन्नत बिउ वितरण कार्यक्रम | ३००००० | |
| ५ | आकस्मिक बाली संरक्षण कार्यक्रम | ३००००० | |
| ६ | स्थानीय असला माछा संरक्षणका लागि पोखरी निर्माण तथा खोल्छी सुधार | ६००००० | |
| ७ | प्राङगारिक मल उत्पादन कार्यक्रम | २००००० | |
| ८ | सिताके च्याउ खेति कार्यक्रम | २००००० | |
| ९ | बालि विशेष खेती प्रवर्द्धन कार्यक्रम | १०००००० | |
| १० | स्थानीय उत्पादनको बजारीकरण, महको गुणस्तर अभिबृद्धि तथा प्रर्बद्धन | ५००००० | |
| ११ | उन्नत प्रविधिमा बिस्तार तथा पशु सेवा सम्बन्धि तालिम | २००००० | |
| १२ | उन्नत जातको गाइ पालनमा अनुदान | ८००००० | |
| १३ | व्यवसायिक पशुपंक्षीपालन प्रवर्द्धन कार्यक्रम | ४००००० | |
| १४ | मौरी प्रबर्द्धन कार्यक्रम | ५००००० | |
| १५ | पशु आहारा आत्मनिर्भर तथा पौष्टिक उत्पादन कार्यक्रम | ३,००,००० | |
| | जम्मा | ७०,००,००० | |



देव चन्द्र पर्तोला
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

राक्सिराङ्ग गाउँपालिका वडा नं ९ बाट अनुरोध भई आए अनुसार देहाय बमोजिम कार्यक्रम संशोधन गर्ने ।

| सि नं | कार्यक्रमको नाम | रकम | सशोधन हुने | रकम |
|---|---|---|---|---|
| १ | तामाङ्ग संग्राहलय भवन निर्माण रा ९ | ७,००,००० | कोखारी पार्सिवाङ चेपाङ्ग सामुदायिक होमस्टे तथा संकलन केद्र राक्सिराङ्ग ९ | १६,००,००० |
| २ | चेपाङ्ग होमस्टे जमघट केन्द्र व्यवस्थापन रा ९ | ९,००,००० | | |

निर्णय नं. ८

यस गाउँपालिकामा प्राप्त गर्ने स्रोतबाट व्यहोर्ने गरी देहाय बमोजिमका कार्यक्रम शीर्षकहरुमा तपशील बमोजिमका रकम विनियोजन गर्ने ।

क) चेपाङ्ग समुदायको जीवनस्तर तथा राक्सिराङ्ग गाउँपालिकाको चेपाङ्ग समुदायका अवस्थालाई प्रचार प्रसार गरी अन्तर्राष्ट्रिय स्तरमा समेत पुऱ्याई स्रोत वृद्धिका लागि आवश्यक वृत्तचित्र निर्माण कार्यका लागि रु ३,६०,००० विनियोजन गर्ने ।

ख) राक्सिराङ्ग आधारभूत अस्पताल एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको अनुरोध बमोजिम एम्बुलेन्स संचालनका लागि माग भई आएको रकम रु ७६,७०२ रकम सम्बन्धित समितिलाई उपलब्ध गराउने ।

ग) राक्सिराङ्ग गाउँपालिका वडा नं ३ बाट अनुरोध भई आए अनुसार जलपरी झरना तथा चमेरो गुफा को रेखदेख तथा सरसफाई कार्यका लागि मासिक रुपमा उपलब्ध हुने गरी २०८० श्रावण देखी रु ५००० का दरले कार्तिक मसान्त सम्मको रु २०,००० उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।

घ) जिल्ला स्तरीय भलिबल कार्यक्रममा राक्सिराङ्ग गाउँपालिकाको प्रतिनिधित्व गर्दै सहभागी भएका खेलाडीहरुको लागि आवश्यक व्यवस्थापन तथा यातायातका लागि रु ३५००० युवा तथा खेलकूद शीर्षकबाट उपलब्ध गराउने ।

ङ) मकवानपुर वडी विल्डिङ्ग एण्ड फिटनेस एसोसियसन जिल्ला समिति मकवानपुरबाट मिति २०८०।०५।३१ गतेको पत्रबाट अनुरोध माग भई आए अनुसार मिस्टर मकवानपुर २०८० कार्यक्रमका लागि यस पालिकाबाट रु २५००० आर्थिक सहयोग उपलब्ध गराउने ।

निर्णय नं. ९ विविधः

क) राक्सिराङ्ग गाउँपालिकाको विभिन्न वडाहरु तथा पालिकाको केन्द्र जोडने मुख्य सडकहरु मनहरी-चैनपुर, सिम्पानी-सरिखेत निर्माणाधीन अवस्थामा रहेको, सरिखेत पक्की पुल, खैराङ्ग अस्पताल, पालिका प्रशासनिक भवन, चेपाङ्ग संग्राहलय जस्ता ठूलाठूला भौतिक संरचनाहरु निर्माणधानी रहेको र ती स्थलहरुमा ठूला ठूला हेभी सवारी साधनहरुबाट निर्माण सामग्री ढुवानी गर्नुपर्ने भएको हुँदा बैकल्पिक मार्गको रुपमा मनहरी खोलाबाट अस्थायी बाटो निर्माण गर्नुपर्ने भएको हुँदा साविकमा झैं रिद्धिसिद्धि सिमेन्टस् प्रा.लि लाई सडक निर्माणका लागस अनुरोध गर्ने तथा सो कार्यका लागि आवश्यक सहयोग एवम् सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय लगायतका सम्बन्धित निकायमा समेत अनुरोध गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

देव ... गर्तौला
प्रमुख प्र... अधिकृत